# धरान उपमहानगरपालिका, नगर पालिकाको कार्यालय

## प्रदेश-१ धरान, सुनसरी

### चौथौ बोर्ड बैठकको निर्णयहरु

उपस्थितिः-

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री तारा सुब्बा | नगर प्रमुख | ध.उ.म.न.पा. | उपस्थित |
| २ | श्री मञ्जु भण्डारी ( सुवेदी ) | नगर उप प्रमुख | ध.उ.म.न.पा. | उपस्थित |
| ३ | श्री रोशन अधिकारी | अध्यक्ष | धरान-१ | उपस्थित |
| ४ | श्री माधव गोविन्द श्रेष्ठ | अध्यक्ष | धरान-२ | उपस्थित |
| ५ | श्री आशा कुमार श्रेष्ठ | अध्यक्ष | धरान-३ | उपस्थित |
| ६ | श्री मान बहादुर राई | अध्यक्ष | धरान-४ | उपस्थित |
| ७ | श्री सन्तोष लिम्बु | अध्यक्ष | धरान-५ | उपस्थित |
| ८ | श्री भुवान सिं बस्नेत | अध्यक्ष | धरान-६ | उपस्थित |
| ९ | श्री भुपेन्द्रराज मोक्तान | अध्यक्ष | धरान-७ | उपस्थित |
| १० | श्री रुद्र बहादुर लिम्बु | अध्यक्ष | धरान-८ | उपस्थित |
| ११ | श्री रत्न बहादुर कटुवाल | अध्यक्ष | धरान-९ | उपस्थित |
| १२ | श्री श्रीप्रसाद लिम्बु | अध्यक्ष | धरान-१० | उपस्थित |
| १३ | श्री बाबुलाल लामा | अध्यक्ष | धरान-११ | उपस्थित |
| १४ | श्री टंक बहादुर राई | अध्यक्ष | धरान-१२ | उपस्थित |
| १५ | श्री नेत्र प्रसाद काफ्ले | अध्यक्ष | धरान-१३ | उपस्थित |
| १६ | श्री कृष्ण प्रसाद भट्टराई | अध्यक्ष | धरान-१४ | उपस्थित |
| १७ | श्री नरेश कुमार इवारम | अध्यक्ष | धरान-१५ | उपस्थित |
| १८ | श्री दिल कुमार गिरी | अध्यक्ष | धरान-१६ | उपस्थित |
| १९ | श्री सूर्य बहादुर भट्टराई | अध्यक्ष | धरान-१७ | उपस्थित |
| २० | श्री नरेन्द्र कुमार राई | अध्यक्ष | धरान-१८ | उपस्थित |
| २१ | श्री पूर्ण बहादुर लिम्बु | अध्यक्ष | धरान-१९ | उपस्थित |
| २२ | श्री मणि कुमार राई | अध्यक्ष | धरान-२० | उपस्थित |
| २३ | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | उपस्थित |
| २४ | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | उपस्थित |
| २५ | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २६ | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | उपस्थित |

| | | | | |
|---|---|---|---|---|
| २७ | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २८ | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | उपस्थित |
| २९ | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | उपस्थित |
| ३० | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | उपस्थित |
| ३१ | श्री विष्णुप्रसाद कोईराला | कार्यकारी अधिकृत सचिव | ध.उ.म.न.पा. | उपस्थित |

आज मितिः२०७४ भाद्र ८ गते धरान उपमहानगरपालिका नगरकार्यपालिकाको चौथो बैठक नगर प्रमुख श्री तारा सुब्बा ज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमको निर्णय गरियो।

**निर्णय नं.-१. खानेपानी संचालन सम्बन्धमा।**

नेपाल सरकार तथा एसियाली विकास बैङ्कको ऋण तथा अनुदान सहयोगमा सन्चालित एकिकृत सहरी विकास आयोजना अन्तर्गत धरान उपमहानगरपालिका नगरकार्यपालिकाको समेत लागत सहभागितमा संचालित धरान खानेपानी (पुनर्स्थापना, विकास र विस्तार )आयोजनाको निर्माण कार्य सम्पन्न हुने अवश्थामा रहेकोले नेपाल खानेपानी संस्थान धरान शाखाको सम्पति तथा दायित्व धरान उपमहानगरपालिकाले लिने र सो हस्तान्तरणको लागि खानेपानी तथा सरसफाई मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.-२. वडामा दिएको बजेट सिलिङ्ग सम्बन्धमा।**

आ.व. २०७४/०७५ को लागि निति,बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा वडामा मार्गनिर्देशन पठाउदा रु.१०(दश) करोड पठाईएकोमा सो को सम्बन्धमा छलफल गरि प्रष्टता पार्ने निर्णय गरियो ।

**निर्णय नं.-३ प्रमुख, उपप्रमुखको सचिवालय सम्बन्धमा।**

नगर प्रमुख र उपप्रमुखको सचिवालयलाई निम्न बमोजिमका कर्मचारीहरु परिचालन गरि संचालन गर्ने र उल्लेखित कर्मचारीहरु नगर प्रमुख र उपप्रमुखको पदबहाली रहेसम्म करारमा राख्ने जानकारी समेत प्राप्त भयो ।

क. प्रमुखको सचिवालय

१.स्वकीय सचिव-अधिकृत छैठौ तह स्तर १(एक) जना

२.प्रेस सल्लाहाकार -१जना

३.सहायक कर्मचारी-१जना

४.सहयोगी कर्मचारी-१जना

ख. उपप्रमुखको सचिवालय

१.स्वकीय सचिव-ना.सु.सहायक पाचौं तह स्तर-१जना

२.सहयोगी कर्मचारी-१जना

**निर्णय नं.-४. गुरुयोजना तथा अध्ययन गर्ने सम्बन्धमा।**

तपसिल बमोजिमका गुरुयोजना आवधिक विकास योजना र कर्मचारी संगठन व्यवस्थापन अध्ययन गर्ने सम्बन्धमा छलफल हुदा निम्न बमोजिमको कार्यहरु गराउने निर्णय गरियो ।

१.पर्यटन गुरुयोजना तर्जुमा गर्ने ।

२.धरान उपमहानगरपालिकाको बृहत विकास गुरुयोजना (आवधिक विकास योजना) तर्जुमा गर्ने ।

३.कर्मचारी संगठन ब्यवस्थापन गराउने कार्यको लागि १ समिति गठन गरि अध्ययन गराउने ।

**निर्णय नं.-५. समिति गठन गर्ने सम्बन्धमा।**

केहि दिन अघि परेको अविरल वर्षाको कारण आएको वाढीले पुऱ्याएको क्षतिको विवरण संकलन गरि आगामी ७ दिन भित्र प्रतिवेदन पेश गर्ने गरि १ समिति गठन गर्ने निर्णय गरियो ।

समिति

१.श्री नरेश ईवारम- संयोजक

२.श्री भुवन सिं बस्नेत-सदस्य

३.श्री दिलकुमार गिरी-सदस्य

४.श्री सुर्य बहादुर भट्टराई-सदस्य

५.श्री सन्तोष लिम्बु-सदस्य

**निर्णय नं.-६ अख्तियारी दिने सम्बन्धमा ।**

धरान उमहानगरपालिका, धरान उपमहानगरपालिकाका निर्वाचित पदाधिकारीहरु र धरान उपमहानगरपालिका नगर कार्यपालिका अन्तरगतका महाशाखा ,शाखा, उपशाखा, एकाई ,सचिवालय ,आयोजना, वडा कार्यालयका कर्मचारीहरू पक्ष वा विपक्ष भई विभिन्न अड्डा अदालतहरुमा मुद्दा दर्ता गर्न तथा प्रत्यार्थी भई निवेदन फिरादपत्र लिखित जवाफ प्रतिउत्तर पत्र दर्ता गर्न तथा अन्य जे गर्नु पर्छ सो को अख्तियारी प्राप्त व्यक्ति भई कार्य गर्न धरान उपमहानगरपालिका नगरकार्यपालिका नगर सभा र प्रमुखको हकमा धरान उपमहानगरपालिकाको प्रमुखले उपप्रमुखको हकमा धरान उपमहानगरपालिकाका उपप्रमुखले, वडा अध्यक्ष, वडा कार्यालय र वडा समितिको हकमा वडा अध्यक्षले महाशाखा, शाखा, उपशाखा, ईकाई, सचिवालय, आयोजनाका हकमा तत् सांगठानिक संरचनाका प्रमुखले र वडा सदस्य पदाधिकारी कर्मचारीको नाम किटान भएकोमा तत् तत् व्यक्तिले मुद्दामा पक्ष भई कार्य गर्ने अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं.-७. कार्यसम्पादन नियमावली सम्बन्धमा।**

धरान उपमहानगरपालिकाको निर्णय नं ३ नगरकार्यपालिकाको कार्यसम्पादन नियमावली २०७४ को तपसिलमा उल्लेखित विषयहरु समावेश गरि अन्तिम रुप दिने प्रमाणिकरण गर्ने निर्णय गरियो ।

क. समिति गठन गर्न सक्ने : प्रमुख तथा नगरपालिकाको कामलाई व्यवस्थित रुपमा सम्पादन गर्न नगरप्रमुखले विज्ञहरुको नेतृत्वमा आवश्यक्ता अनुशार विभिन्न समिति कार्यदल वा टोली गठन गर्न सक्नेछ । समितिको कार्य प्रमुखले तोके बमोजिम हुनेछ ।

ख. सल्लाहाकार सम्बन्धी व्यवस्था : नगर प्रमुखले आफ्नो वा नगरकार्यपालिकाको काममा सहयोग पुऱ्याउने समाजसेवी बुद्धिजिवी प्राविधिक ज्ञान सीप भएका व्यक्तिहरु मध्येवाट वढीमा ९ जना सम्म सल्लाहाकार राख्न सकिनेछ ।

ग. बाधा अड्काउ फुकाउने सम्बन्धमा : यो नियमावली बमोजिम नगरकार्यपालिकाको कार्यसंचालन सेवा प्रवाह गर्न कुनै बाधा अड्काउ परेमा यो नियमालीको भावनाको प्रतिकुल नहुनेगरि प्रमुखले बाधा अडकाउ फुकाउन आदेश जारी गर्ने सक्नेछ ।

**निर्णय नं.-८. घरनक्सा पास प्रकृया अनलाईन गर्ने सम्बन्धमा।**

घरनक्सा पास प्रकृयालाई अनलाईन सिस्टम स्थापना गरि घर नक्सा पास सेवालाई सरल र सहज बनाउन UNDP संग आवश्यक समन्वय गर्ने निर्णय गरियो

**निर्णय नं.-९. अधिकार प्रत्यायोजन सम्बन्धमा।**

धरान उपमहानगरपालिका नगरकार्यपालिकाको तर्फबाट गर्नु पर्ने सम्बन्ध विच्छेद सम्बन्धी मुद्दामा समब्धित अदालतमा सिफारिस गर्न नगर प्रमुख श्री तारा सुब्वालाई अधिकार प्रत्यायोजन गरिएको छ ।

**निर्णय नं.-१०. अधिकार प्रत्यायोजन सम्बन्धमा।**

धरान उपमहानगरपालिका नगरकार्यपालिकाको तर्फबाट अड्डा अदालतमा गर्नु पर्ने फिराद प्रतिरक्षा सम्बन्धि सम्पूर्ण कारवाहि गर्न नगर प्रमुख श्री तारा सुब्वालाई अधिकार प्रत्यायोजन गरियो।

आजको बैठक १.३० बजे समापन गरियो ।